**सर्वोच्च अदालत, संयुक्त इजलास**

**माननीय न्यायाधीश डा. श्री नहकुल सुवेदी**

**माननीय न्यायाधीश श्री टेकप्रसाद ढुङ्गाना**

# <u>फैसला</u>

**०७३-CI-१६७२**

**मुद्दाः- <u>सम्बन्ध विच्छेद।</u>**

जनार्दन प्रसाद उपाध्यायको नाति मुरारी प्रसाद उपाध्याय आचार्यको छोरा काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ७ चावहिल वर्ष ४० को मुनिष आचार्य........................................................................१ — **<u>पुनरावेदक</u> वादी**

**<u>विरूद्ध</u>**

केशव प्रसाद गौतमको छोरी मुनिष आचार्यको श्रीमती धनुषा जिल्ला घर भई हाल का.जि.का.म.न.पा. वडा नं. ४ धुम्वाराही भैरवी मार्ग घर नं. १४५ बस्ने वर्ष ३२ की ज्योती भन्ने श्रुती गौतम......................................................१ — **<u>प्रत्यर्थी</u> प्रतिवादी**

**शुरू तहमा फैसला गर्नेः-** माननीय न्यायधिस श्री अर्जुन अधिकारी<br>काठमाडौं जिल्ला अदालत

**फैसला मितिः-** २०७२।३।२३

**पुनरावेदन तहमा फैसला गर्नेः-** माननीय न्यायाधीश श्री किशोर सिलवाल<br>माननीय न्यायाधीश श्री नारायण प्रसाद श्रेष्ठ<br>पुनरावेदन अदालत पाटन

**फैसला मितिः-** २०७२।११।२०

पुनरावेदन अदालत पाटनको फैसला उपर न्याय प्रशासन ऐन, २०४८ को दफा १२ बमोजिम मुद्दा दोहोऱ्याई हेरी पाऊँ भनी परेको वादीको निवेदनमा यस अदालतबाट दोहोऱ्याई हेर्ने अनुमति प्रदान भै पुनरावेदनको रोहमा पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छः-

१. विपक्षी पत्नी र म निवेदकबीच मिति २०६६/०३/१५ गते मागी बिवाह भएको हो । विवाह भएदेखि नै विपक्षी पत्नीको नाटक तथा बहानाको कारण घरमा हुँदा महिनावारी भएको छु भन्ने र महिनावारी नहुँदा परीक्षा छ पढ्नु पर्छ भनी माइती घरमा नै बस्ने गरेकी कारण विपक्षी पत्नी र म निवेदक बीचको सम्बन्धबाट २१/२ महिना जति आउने जाने भएतापनि पति पत्नीबीचको सम्बन्ध नरहेको कारण गर्भ पनि नरहेको तथा कुनै सन्तानको जायजन्म पनि भएको छैन। निवेदक र विपक्षी पत्नीको वैवाहिक मतभेदका कारण विपक्षी पत्नी पछिदेखि लगातार रुपमा घरै नफर्की माइतीमै बस्दै आएकी थिइन् । सम्बत् २०६७ सालको दशैमा विपक्षी पत्नी निजका बाबु, दाजु, बहिनी लगायतका मानिसहरु मेरो घरमा आउनु भयो । पत्नी घर आएकोले खुसी थियौं, परन्तु निजहरुले हाम्रो गेटमा लात्ताले हानी फोरिदिए । घरभित्र पसी झ्यालको सिसा फुटाइदिए। मेरो बहिनीलाई भुत्लाई लछार पछार पारिदिए । बुबाको आँखामा हिर्काएर रक्ताम्य बनाइदिए । मेरो हातको औला मर्काइदिए । घरको भुईं तथा कार्पेट रक्ताम्य भयो । प्रहरी आई हामीलाई चौकीमा लिएर गयो । तत्पश्चात विपक्षीले मेरो अफिसमा आई निउँ खोजी झगडा गर्ने, फोनमा विभिन्न गालीगंलौज तथा धाकधम्की दिने गर्न थालिन् । सो कार्य हालसम्म जारी छ । निज पत्नी विगत ३ वर्ष भन्दा बढी समयदेखि माइतमै बसेकी छन् । म निवेदक ३/४ वर्षदेखि पत्नीबाट हिंसा सहँदै आइरहेको छु । विपक्षी पत्नी ३ वर्ष भन्दा बढी समयदेखि घरमा नबसेको र निजबाट म लगायत मेरो परिवार पिडित, अपमानित र अपहेलित भएको कारण निजसंग जीवन निर्वाह गर्न सक्ने अवस्था नरहेको र मुलुकी ऐन, लोग्ने स्वास्नीको महलको १(१) नं. बमोजिम स्वास्नीले लोग्नेलाई निजको मन्जुरी बेगर लगातार ३ वर्ष वा सो भन्दा बढी समयदेखि घर छाडी अलग बसेमा वा लोग्नेको ज्यान जाने अंगभंग वा कुनै ठुलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको काम वा जाल प्रपन्च गरेमा त्यस्तो स्वास्नीसंग लोग्नेले सम्बन्ध विच्छेद गर्न पाउने कानूनी व्यवस्था भएको र बिपक्षी पत्नीसंग पुनः सम्बन्ध कायम गरी साथै जीउन असम्भव भएकोले निज पत्नीयसंगको लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद गरी पाउँ भन्ने समेत व्यहोराको निवेदक वादी मुनिष आचार्यले काठमाडौं महानगरपालिका समक्ष दिएको मिति २०६९/०७/०३ गतेको निवेदन पत्र ।

२. विपक्षी पतीको बिवाह पश्चात साढे दुई महिनासम्म मात्र पत्नी घरमा बसेको भन्ने भनाई पूर्णतया गलत छ । मिति २०६६/१०/१७ गतेदेखि मैले काकाको आसौच बार्नु पर्ने हुँदा ससुराले माईतमा नै बसेर बार्नु भनेकोले माईत गई जुठो चोखिएर घर आउँदा सासुले घरमा

वस्नु पर्दैन माईतमा नै गएर बस भन्नु भएको र सो कुरा पतिलाई जानकारी गराउँदा निजले तिमी माइतै गएर बस म आमालाई सम्झाई लिन आउँला भनेकोले म माइत गई बसें । विपक्षी पति मलाई लिन आउनु भएन। घरमा भेटन आउँदा सासुले छोरा घरमा छैन अब आईन्दा नआईज भन्नु भएको कारण निज पतिलाई अफिसमा भेटन जाँदा नभेटने र फोन समेत रिसिभ नगर्ने गर्नु भयो । विवाह भएपछि दोश्रो दशैंमा बहिनी र म घरमा जाँदा बिपक्षी पतिको बहिनी तथा आमा समेतले मेरो बहिनीलाई कुटपिट गर्नु भयो । सो कुरा थाहा पाई मेरो बुवा तथा दाजुहरु आउनु भयो र बहिनीलाई छुट्याउने क्रममा मेरो बुवा, बहिनी तथा बिपक्षी पति तथा निजको बाबु समेतलाई समान्य चोट लगेको हो । मैले बिपक्षीको ज्यान जाने, अंगभंग हुने, कुनै ठूलो शारीरिक वा मानसिक चोट कष्टो पुर्यालउने कार्य भएको भए निजले प्रहरी प्रशासनमा उजुर गर्नु पर्नेमा सो समेत गरेको अवस्था छैन । घरमा बिपक्षी पतिको कुनै भुमिका नरहेको आमाको अगाडि निज पति निरिह हुने गरेको कारण आमा र बहिनीको उक्साहटमा लागेर बिपक्षी पतिले यो निवेदन दिनु भएको हो । विपक्षीले भने जस्तो म आफ्नो ईच्छाले लगातार ३ वर्षदेखि छुट्टै बसेको होईन । मलाई पतिसंग संगै बस्न नदिएको हो । म आफ्नो घरमा गई पतिसंग संगै बस्न तत्पर रहेको हुँदा झुठ्ठा निवेदनबाट फुर्सद दिलाई पतिसंग संगै बस्न आवश्यक पहल गरिपाउँ भन्ने विपक्षी श्रुती गौतम आचार्यको मिति २०६९/११/१८ गतेको लिखित जवाफ ।

३. वादी प्रतिवादीबीचको दाम्पत्य सम्बन्ध निजहरुकै बस्तुनिष्ठय कारणबाट विच्छेद हुनु पर्ने अवस्था देखिंदैन । विवाह पश्चात घरायसी तथा आफन्तजनहरुबाट उपयुक्त वातावरण नबनाई दिएको कारण लोग्ने स्वास्नीबीच स्वाभाविक रुपमा बिकसित हुनुपर्ने माया, प्रेम र आत्मियता क्रमश ह्रास हुँदै गएको र विभिन्न घरायसी परिघटनाले अन्ततः लोग्ने स्वास्नीबीच सम्बन्ध बिग्रदै गई मुद्दा मामिला र उजुरवाजुरको प्रक्रियामा पुगेको देखिन्छ। सम्बन्ध विच्छेदको सिफारिस माग गर्ने वादी कुनै हालतमा सम्बन्ध पुनःस्थापना हुन नसक्ने अडानमा देखिन्छन् भने सम्बन्ध विच्छेद गर्न नचाहने प्रतिवादी आफ्नो कुनै गल्ती नरहेको र लोग्ने प्रति त्यतिनै माया प्रेम रहेकोले आफू सम्बन्ध विच्छेद गर्न असहमत भएको, पूर्ववत् लोग्ने स्वास्नीको रुपमा यथावत रही सुखद दाम्पत्य जीवन व्यतित गर्न संकल्पित रहेको देखिन्छ। यस कार्यालयबाट वादी प्रतिवादीहरुबीच मेलमिलाप गराउने अनेकन प्रयास गर्दा मेलमिलापको प्रक्रिया सार्थक निष्कर्षमा पुग्न नसकेको, दुवै पक्ष आ-आफ्नै अडानमा यथावत रहेको भए तापनि निजहरुबीच मेलमिलाप प्रयास गरी मेलमिलापका बिभिन्न विकल्पहरुबाटै

विवादको समाधान गर्न मनासिब हुने राय तथा सिफरिस सहित सक्कलै मिसिल कानूनत थप कारवाहीको लागि साधिकार निकाय काठमाडौं जिल्ला अदालतमा पठाई दिने ठहर्छ भन्ने समेत व्यहोराको काठमाडौं महानगरपालिकाको मिति २०७०/१०/२९ गतेको निर्णय ।

४. वादी मुनिष आचार्यले काठमाडौं महानगरपालिकामा दिएको निवेदन झुठ्ठो हो । मैले भएको सम्पुर्ण व्यहोरा खुलाई दिएको लिखित जवाफ दिएको छु । मेरो सम्बन्ध विच्छेद हुनु पर्ने अवस्था होईन । महानगरपालिका कार्यालयले दिएको राय ठीक छ भन्ने समेत व्यहोराको प्रतिवादी ज्योति भन्ने श्रुती गौतमले काठमाडौं जिल्ला अदलतमा मिति २०७१/०३/२२ गते गरिदिएको सनाखत बयान ।

५. विपक्षीका व्यक्तिहरुले म लगायत मेरो बुबा, आमा, बहिनीलाई कुटपिट गरेको र प्रहरी कार्यालयमा लगेको कुरा ठीक साँचो हो । सो बाहेक विपक्षीले दिएको लिखित जवाफको अन्य व्यहोरा झुठ्ठो हो । मेरो वास्तविक सत्यसाँचो कुरा मैले महानगरपालिकामा दिएको निवेदनमा उल्लेख छ । २०६७ सालको दशैंको टीकाको दिन मेरो घरमा घटेका घटनाहरुको फोटो तथा उपचारको कागजात समेत पेश गरेको छु भन्ने समेत व्यहोराको वादी मुनिष आचार्यले काठमाडौं जिल्ला अदलतमा मिति २०७१/०३/२२ गते गरिदिएको सनाखत बयान ।

६. वादी प्रतिवादीबीच २०६६ असारमा सामाजिक परम्परा अनुसार विवाह भएको हो । २०६६ सालको पहिलो दशैमा निजहरु हाँसीखुसी मेरो हातबाट समेत टिका थाप्न आएका हुन् । २०६६ सालको माघमा श्रुतीको माईतीको माईलोबुवा बितेपछि निजको ससुरा मुरारी प्रसाद आचार्यले प्रतिवादीलाई जुठो बार्न माईतिमा पुऱ्याउन आउनु भयो । जुठो चोखिएपछि प्रतिवादी आफ्नो घर जाँदा नस्वीकारेको कारण प्रतिवादी माईतै आएर बसिन् । वादीका परिवारले पहिला मन पराएर विवाह गरेका र पछि मन नपराएर निजलाई घरमा पस्न र वस्न नदिएका हुन् । २०६७ सालको दशैंमा लोग्ने तथा सासु ससुराको हातबाट टीका थाप्न प्रतिवादी श्रुतीले आफ्नो साथमा निजको बहिनीलाई समेत लिएर घरमा जाँदा निज प्रतिवादीलाई घरमा पस्न नदिएको अवस्थामा वादीको परिवार र प्रतिवादीहरुबीच सामान्य धकेला धकेल भई दुबै तर्फ सामान्य चोटपटक लागेको हो । प्रतिवादी झगडा गर्न गएका होइनन् । विशुद्ध रुपमा टीका लगाउन र आशीर्वाद थाप्न गएका हुन् । यी प्रतिवादी पटक पटक आफ्नो घरमा जाँदा यी वादी समेतका अन्य सदस्यहरुले नस्वीकारी घरमा पस्न

नदिएको कारणले प्रतिवादी बाध्य भई माईतमा बस्दै आएकी हुन् भन्ने समेत व्यहोराको प्रतिवादीका साक्षी प्रनिल कुमार उपाध्यायले गरिदिएको बकपत्र ।

७. मैले सुने अनुसार २०६७ सालको दशैंमा यी प्रतिवादी श्रुती गौतम र प्रतिवादी मुनिष सहित निजको परिवारबीच कुटपिट भएको थियो । सो घटना मैले देखिन। घटना भएपश्चात म पुग्दा वादीको घरमा रगत देखें । वादीको बाबुको आँखामा चोट लागेको थियो। सो समयमा प्रतिवादी श्रुतीलाई त्यहाँ देखिन। सो दशैं भन्दा २-४ महिना अगाडि यी प्रतिवादी वादीको घरमा आउने जाने भइरहेको र सो दशैं पश्चात आउ जाउ नै बन्द भएको भनी मुनिषले बताएका थिए । पति पत्नीभबीच ३ वर्षसम्म सम्बन्ध नभएपछि कानूनी व्यवस्था अनुसार सम्बन्ध विच्छेद हुनु पर्दछ भन्ने समेत व्यहोराको वादीका साक्षी जनक प्रसाद न्यौपानेले गरिदिएको बकपत्र ।

८. वादी प्रतिवादीबीच २०६६ असारमा बिवाह भएको हो। बिवाहपछि २-साढे २ वर्ष यिनीहरु संगै बसे वाहेक यिनीहरु संगै बसेको मैले देखेको छैन । २०६७ सालको दशैंको टीकाको दिन केटी पक्षबाट केटाको घरमा साँघातिक आक्रमण भएको थियो । यसरी ३ वर्ष भन्दा बढी अवधिदेखि पति पत्नी छुट्टिएर बसे वा अङ्गभङ्ग हुने गरी आक्रमण गरेमा दुवैजना सम्बन्ध विच्छेद गरी बस्नु नै श्रेयकर हुन्छ भन्ने समेत व्यहोराको वादीको साक्षी श्रीकमल द्विवेदीले गरिदिएको बकपत्र ।

९. तस्वीरहरु देखाउँदा देखिपाएँ । मलाई मेरो पति तथा निजको परिवारले घरमा पस्न दिएका थिएनन्। २०६७ सालको दशैंको टिकाको दिन म र मेरी बहिनी मेरो श्रीमान तथा सासु ससुरासंग टीका थापी आशीर्वाद लिन मेरो घरमा आएका थियौं । घरभित्र जान खोज्दा ढोका नखोली मेरो ससुराले तिमी किन आएकी आफ्नै माईत जाउ भन्नु भयो। मेरो बहिनीले मेरी दिदीले के गरेकी थिईन भन्दै ढोका ढकढक्याइन् । ढोका नखोलेको रिसले निजले सानो ढुँगाले गेटमा हान्दा सो ढुँगा उछिट्टिएर झ्यालमा लागी सिसा फुट्न गएको हो । म र मेरो बहिनी घरको माथिल्लो तलामा गएर ढोका ढक-ढक्याउँदा नन्द र सासुले मिली बहिनीलाई लछार पछार पार्दै कुटपिट गर्नु भयो । मैले गुहार माग्दा कसैले सहयोग नगरेको कारण माईतीमा फोन गरे पश्चात बुवा र दादा आई बहिनीलाई छुट्याउनु भएको हो । बहिनीलाई छुटयाउन खोज्दा ससुरालाई अन्जानमा आँखामा लाग्न पुगेको हो । मेरो बहिनीको नाडीमा सिसाले काटी रगत बगेको थियो । उछिट्टिएको सिसाले मेरो ससुराको खुट्टामा काटेर रगत बगेको थियो । फोटोमा देखिएको रगत मेरो बहिनीको हातबाट बगेको

र ससुराको खुट्टाबाट बगेको रगत लतपतिएको हो। दोहोरो झडप भएको होइन । म आफ्नो घरमा दशैंमा टीका थाप्न गएको थिएँ। बहिनीलाई भएको कुटपिटबाट बचाउँदा सो दृश्यम् देखिएको हो । वादीले फिरादसाथ पेश गरेका फोटोहरु माथि उल्लेखित घटनाकै हो भन्ने समेत व्यहोराको प्रतिवादी श्रुती गौतमले वादीले फिराद साथ पेश गरेको तस्वीर हेरी गरिदिएको सनाखत बयान ।

१०. तस्वीरहरु देखाउँदा हेरें। सो तस्वीरहरु म र प्रतिवादीबीच विवाह भएको पहिलो साल २०६६/०६/१२ गते दशैंमा मेरो ससुरालीमा दशैंको टीका लगाएको हो । सो दशैं अगाडिदेखि नै प्रतिवादीकी आमाले छोरीलाई पढ्न माईत पठाईदिनु भनेको हुँदा सो दशैंको टीका देखि नै प्रतिवादी आफैं माईत गई बस्न थालिन्। एकैपटक २०६७ सालको दशैंको टिकाको दिन निजको बुवा, दाजु बहिनी समेत मेरो घरमा आई बुवा आमा र बहिनीलाई कुटपिट गरीं घाईते बनाएका थिए । सो घटनाको तस्वीरहरु मैले फिरादसाथ पेश गरेको छु भन्ने समेत व्यहोराको वादीले प्रतिवादीले प्रतिउत्तर साथ पेश गरेको तस्वीर हेरी गरिदिएको सनाखत बयान ।

११. प्रस्तुत मुद्दामा प्रतिवादी ज्योती भन्ने श्रुती गौतमले लोग्नेको मन्जुरी बेगर लगातार ३ वर्ष वा सो भन्दा बढी समयदेखि घर छाडी अलग बस्ने गरेको र लोग्नेको ज्यान जाने अंगभंग वा कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको काम वा जाल प्रपन्च गरेको भन्ने समेतको फिराद जिकिर तथ्ययुक्त सबुत प्रमाणद्वारा पुष्टि नभएको समेतबाट प्रस्तुत मुद्दामा मुलुकी ऐन, लोग्ने स्वास्नीको महलको १, १(१) र १(क) नं. समेतका आधारमा सोही महलको १(१) नं. बमोजिम प्रतिवादी स्वास्नीसंग आफ्नो सम्बन्ध विच्छेद गरी पाउँ भन्ने वादी मुनिष आचार्यको फिराद दावी तथ्ययूक्त सबुत प्रमाणको अभावमा पुग्न नसक्ने ठहर्छ भन्ने समेत काठमाडौं जिल्ला अदालतबाट मिति २०७२।३।२३ मा भएको फैसला ।

१२. विपक्षीसँग मेरो मिति २०६६।३।१५ मा विवाह भएपछि साढे २ महिना जति विपक्षी मेरो घरमा आउने जाने गरेकी, २०६७ सालको दशैंमा दलबल आई कुटपीट गरी मेरो र मेरो बाबुको शरीरमा क्षति पुऱ्याई, झ्याल ढोका फुटाई क्षति गरी मानसिक यातना दिने काम प्रतिवादीबाट भएको छ । विपक्षीसँग मेरो यौनसम्पर्क भएको छैन भन्ने कुरालाई विपक्षी समेतले स्वीकार गरेकी छिन् । विपक्षीसँग हाल ६ वर्ष भन्दा बढी समय संगै नबसेको अवस्थामा सम्बन्ध विच्छेद नै अति उत्तम बिकल्प हो । विपक्षी र मेरो बीचको दाम्पत्य जीवन कदापि पनि सफल हुन सक्दैन । यसकारण विपक्षीले मबाट अंश लिन चाहने हो

भने मात्र मबाट निजलाई अंश दिलाई, शुरु जिल्ला अदालतको फैसला उल्टी गरी, विपक्षी र मेरो बीचको लोग्ने स्वास्नीको नाता विच्छेद गरी पाउँ भन्ने समेत व्यहोराको वादी मुनिष आचार्यको तत्कालीन पुनरावेदन अदालतमा परेको पुनरावेदनपत्र।

१३. प्रतिवादी श्रुती गौतम आचार्य वादीसँग नबसी लगातार ३ वर्ष भन्दा बढी समय अलग रहे बसेको र वादी एवं निजका पिता समेत उपर प्रतिवादी समेतले कुटपीट गरेको तथ्यलाई प्रतिवादीले लिखित जवाफ एवं बयान समेतमा स्वीकार गरेको अवस्थामा वादी दावी पुग्न नसक्ने ठहऱ्याएको शुरुको फैसला प्रमाण मुल्याङ्कन एवं मुलुकी ऐन, लोग्ने स्वास्नीको महलको १ नं.को देहाय १ को व्यवस्था बमोजिम "मानिसक आघात"(Mental cruelty)को व्याख्याको सन्दर्भमा फरक पर्न सक्ने देखिंदा अ.वं. २०२ नं.तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम प्रत्यर्थी झिकाई आए वा अवधि नाघेपछि नियमानुसार पेश गर्नु भन्ने पुनरावेदन पाटनबाट मिति २०७२।८।२१ मा भएको आदेश ।

१४. मिसिल संलग्न फोटोहरुबाट २०६७ सालको दशैमा प्रतिवादी र निजका दाजु, बाबु, बहिनी वादीको घरमा आई वादीका बाबु लगायतलाई कुटपिट गरेको भन्ने कुरा पुष्टि नभएको तथा प्रतिवादीले आफ्नो प्रतिउत्तरमा अझै पनि वादीकै घरमा बस्ने चाहना राखेको व्यक्त गरेको हुँदा प्रतिवादी आफ्नो राजीखुसीले तीन वर्ष अगाडि विवाहित घर छाडेर छुट्टै बसेको भन्ने जिकिर पुष्टि हुन सकेन। त्यसैगरी प्रतिवादीले वादीलाई ज्यान जाने, अंगभंग हुने हिसाबले शारीरिक यातना दिएको भन्ने जिकिर पुख्ता प्रमाणबाट प्रमाणित हुन नसकेको देखिंदा सम्बन्ध विच्छेद गरी पाऊँ भन्ने वादीको मागसँग सहमत हुन सकिएन भन्ने पुनरावेदन अदालत पाटनको मिति २०७२/११/२० को फैसला।

१५. विपक्षीलाई वादी पक्षले घरवाट निकाला गरेको, घरमा बस्न नदिएको भन्ने कुरा झुठो रहेको र विपक्षी प्रतिवादी मेरो मन्जुरी बेगर आफूखुसी आफ्नै चाहनाले घर परिवार छोडेर अलग वस्दै आएकी हुन्। विपक्षीले अनेक जालझेल गरी सम्बन्ध विच्छेद हुन नदिई जीवनभर अवरोध सृजना गर्न खोजेको हुँदा शुरु तथा पुनरावेदन अदालतले प्रतिवादी र निजका दाजु, बाबु, बहिनी मिलेर मेरो घरमा आई मेरो घरपरिवारका सदस्यलाई कुटपिट गरेको प्रमाणित गर्ने प्रमाणलाई ग्राह्य नगरी एकपक्षीय निर्णय गरेको हुँदा उक्त फैसला बदर गरी विपक्षीसँग सम्बन्ध विच्छेद गरी पाऊँ भन्ने वादी मुनिष आचार्यको मुद्दा दोहोऱ्याई पाऊँ निवेदन पत्र।

१६. दुवै पक्षबीच आपसी सौहार्दपूर्ण व्यवहार भएको भन्ने मिसिल संलग्न प्रतिवादीकै कथनबाट पनि नदेखिएको स्थितिमा सम्बन्ध विच्छेद नहुने भनी गरेको जिल्ला अदालतको फैसलालाई

सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट भएको फैसला ने.का.प. २०६७, अंक १०, नि.नं. ८४८७, पृष्ठ १७५८ मा प्रकाशित नजिरको प्रतिकुल देखिंदा साविक न्याय प्रशासन ऐन, २०४८ र हाल प्रचलित न्याय प्रशासन ऐन, २०७३ को दफा १२(१) अनुसार मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान गरिदिएको छ । विपक्षी झिकाइ नियमानुसार पेश गर्नू भन्ने व्यहोराको मिति २०७४।२।३ को आदेश।

१७. लोग्ने स्वास्नी वीच सम्बन्ध विच्छेद हुने भएको अवस्थामा अंशवण्डा लगाएर मात्र सम्वन्ध विच्छेद हुने गरी निर्णय गर्नु पर्ने प्रावधान मुलुकी ऐन, लोग्ने स्वास्नीको महलको ४ क.नं.मा रहेको देखिन्छ। यस प्रकारको व्यवस्था मुलुकी देवानी संहिता, २०७४ को दफा ९९ मा समेत रहेको छ। त्यसैले मुद्दामा प्रकृयागत पूर्णताका लागि अंशबण्डा लाग्ने सम्पत्तिको विवरण मुद्दाका सन्दर्भमा पेश भएपछि मुद्दा किनारा लगाउन आवश्यक देखिन्छ । तर प्रस्तुत मुद्दामा सो बमोजिम सम्पत्तिको विवरण पेश भएको देखिएन । अतः पछि ठहरे बमोजिम हुने गरी वादी प्रतिवादीका बीच अंशबण्डा लाग्ने सम्पत्तिको फाँटवारी विवरण दुवै पक्षबाट पेश गर्न लगाई, यसरी पेश हुन आएको सम्पत्ति प्रस्तुत सम्बन्ध विच्छेद मुद्दाका वादी प्रतिवादी बाहेकका अन्य कुनै तेस्रो व्यक्तिको नाममा दर्ता रहेको देखिएमा निज दर्तावालालाई समेत झिकाई बुझी निजको कागज गराई, तथा फाँटवारीमा खुलाइएको सम्पत्तिको दर्ता श्रेस्ता उतार समेत सम्बन्धित कार्यालयबाट झिकाई, लाग्ने कानून बमोजिमको दस्तुर समेत पुनरावेदकबाट दाखिला गर्न लगाई, अरु नियमानुसार गरी पेश गर्नू भन्ने व्यहोराको मिति २०७८।११।१३ को आदेश तथा सो आदेश बमोजिमको कार्य सम्पन्न भएको।

## ठहर खण्ड

१८. नियम बमोजिम दैनिक मुद्दा पेशी सूचीमा चढी निर्णयार्थ यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल कागज अध्ययन गरियो।

१९. पुनरावेदक वादी तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री हरिहर दाहाल र विद्वान अधिवक्ता श्री भुवन प्रसाद वाग्लेले देहाय बमोजिम बहस गर्नुभयोः-

क. वादी प्रतिवादीबीच सुमधुर सम्बन्ध छैन।

ख. प्रतिवादी वादीलाई छाडी तीन वर्षभन्दा बढी अवधि माइतीमा बस्दै आएकोले साविक मुलुकी ऐन लोग्ने स्वास्नीको महलको १ नं. बमोजिम सम्बन्ध विच्छेद हुनुपर्ने अवस्था छ।

ग. प्रतिवादीले परिवारका सदस्य समेत ल्याई वादी र वादीका परिवारलाई कुटपिट अङ्गभङ्ग गरेको तथ्य संलग्न फोटो र वादीको उपचार पुर्जाबाट स्थापित हुन्छ।

घ. उक्त घटना घटेको तथ्यलाई प्रतिवादीले पनि स्वीकार गरेको अवस्था छ।

ङ. तसर्थ वादी दावी पुग्न नसक्ने ठहर्याएको पुनरावेदन अदालत पाटनको फैसला उल्टी गरी वादी दावी बमोजिम वादी प्रतिवादीबीच सम्बन्ध विच्छेद हुने गरी फैसला गरी पाऊँ।

२०. प्रत्यर्थी प्रतिवादी तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री मन्जुल गौतमले देहाय बमोजिमको बहस गर्नुभयो:-

क. वादी/प्रतिवादीले २०६६ सालको विजयादशमीको टीकासँगै लगाएको फोटोले सम्बन्ध राम्रो देखाउँछ। वादीसँग कुनै वैमनस्य छैन।

ख. वादी प्रतिवादी अलग बसेको तीन वर्ष नपुगेको हुँदा सम्बन्ध विच्छेद हुने कानूनी आधार छैन।

ग. कुटपिट प्रतिवादीले गरेको भन्ने वादी दाबी छैन।त्यो पनि सामान्य घाउचोटको अवस्थासम्म हो। यो सम्बन्ध विचछेदको आधार हुन सक्दैन्।

घ. तसर्थ सम्बन्ध विच्छेदको दावी पुग्न नसक्ने ठहर्याएको पुनरावेदन अदालत पाटनको फैसला सदर कायम गरी पाऊँ।

२१. यसमा, प्रतिवादीसँग मिति २०६६।३।१५ मा मागी विवाह भएको हो । सो को दुई अढाई महिनासम्म प्रतिवादी घर आउने जाने गरेको, त्यसपछि माइतीमा नै बसेको र २०६७ सालको दशैंमा बुवा र दाजु बहिनी समेत ल्याई मेरो घर तोडफोड गरी मलाई र मेरो परिवारलाई नै कुटपिट अङ्गभङ्ग गरेको समेत कारणबाट मुलुकी ऐन लोग्ने स्वास्नीको महलको १ नं. बमोजिम प्रतिवादीसँग सम्बन्ध विच्छेद गरी पाऊँ भनी वादी मुनिष आचार्यले काठमाडौं महानगरपालिकामा निवेदन गरेको र प्रत्यर्थी प्रतिवादी श्रुती गौतम आचार्यको आफू स्वेच्छाले माइतीमा गै बसेको नभई घरमा बस्न नदिएका कारण गएको हो । फिरादमा उल्लेख गरेको घटना सामान्य हो । म पतिसँग घरमा नै सँगै बस्न तत्पर भएकाले सम्बन्ध विच्छेद हुनुपर्ने होइन भन्ने प्रतिउत्तर जिकिर रहेको प्रस्तुत मुद्दामा

काठमाडौं महानगरपालिकाबाट मेलमिलाप हुन नसकी काठमाडौं जिल्ला अदालतमा पठाइदिने गरी मिति २०७०।१०।२९ मा निर्णय भएको देखिन्छ। तत्पश्चात् प्रस्तुत मुद्दामा काठमाडौं जिल्ला अदालतबाट वादी दावी पुग्न नसक्ने ठहऱ्याएको फैसला पुनरावेदन अदालत पाटनबाट सदर भए उपर वादीको यस अदालतमा मुद्दा दोहोऱ्याई हेरी पाऊँ भनी परेको निवेदनमा यस अदालतबाट अनुमती प्रदान भै पुनरावेदनको रोहमा पेश भै आएको देखियो।

२२. उल्लिखित तथ्य तथा पुनरावेदन जिकिर भएको प्रस्तुत मुद्दामा वादी प्रतिवादी दुवैतर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता तथा विद्वान अधिवक्ताहरुको तर्कपूर्ण बहस जिकिर समेत सुनी वादी दावी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको फैसला मिलेको छ छैन र पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन भन्ने सम्बन्धमा हेरी निर्णय दिनुपर्ने देखिन आयो।

२३. अब निर्णयतर्फ विचार गर्दा, पुनरावेदक वादी र प्रत्यर्थी प्रतिवादीबीच मिति २०६६।०३।१५ मा विवाह भएको तथ्यमा विवाद छैन। सो पश्चात् प्रतिवादी दुई अढाई महिनामात्र घर बसेको र सो अवधिमा समेत राम्रो सम्बन्ध नभएकाले निज लगातार माईतिमा बसेको र २०६७ सालको दशैंमा दाजू र बहिनी समेत ल्याई कुटपिट गरी शारीरिक कष्ट पिडा समेत दिएकोले सम्बन्ध विच्छेद हुनुपर्ने भन्ने वादी दावी देखिन्छ। प्रतिवादीले आफ्नो प्रतिउत्तरमा आफू २०६६ माघसम्म यी वादीकै घरमा रहेको भन्ने जिकिर लिएको अवस्था छ।

२४. साविक मुलुकी ऐन लोग्ने स्वास्नीको महलको १ नं. मा ***"स्वास्नीले लोग्नेलाई निजको मञ्जुरी बेगर लगातार तीन वर्ष वा सो भन्दा बढी समयदेखि छोडी अलग बस्ने गरेमा वा लोग्नेको ज्यान जाने, अङ्गभङ्ग हुने वा अरु कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको काम वा जाल प्रपञ्च गरेमा त्यस्ती स्वास्नीसित लोग्नेले आफ्नो सम्बन्ध विच्छेद गर्न पाउँछ"*** भन्ने कानूनी व्यवस्था देखिन्छ। उल्लिखित कानूनी व्यवस्था अनुसार स्वास्नीले आफनो मञ्जुरी वेगर अलग बसेको भनी दावी लिने लोग्नेले त्यसरी अलग बसेको अवधि न्यूनतम तीन वर्ष पुगेको देखाउनु पर्ने हुन्छ।

२५. प्रस्तुत मुद्दामा यी वादीले शुरु फिरादपत्रमा २०६६ असार १५ मा बिहे भएकोमा विहेपछि दुई अढाई महिनामा नै प्रतिवादीसँग राम्रो सम्बन्ध नभएको भनी दावी लिएकोमा २०६६ सालको दशैंको टीकामा यी वादी प्रतिवादीहरुले मान्यजनसँग टीका थापी खिचाएको

पारिवारिक फोटो मिसिल सामेल देखिन्छ। सो फोटोलाई पुनरावेदक वादीले अन्यथा भन्न सकेको देखिदैन। यसबाट वादीले प्रत्यर्थी प्रतिवादी बिहेपछि दुई अढाई महिना मात्र घर बसेको अर्थात २०६६ सालको भदौ मसान्त पछि माइतीमा बसेको भनी लिएको जिकिर प्रथम दृष्टिमा नै तथ्यसम्मत देखिन आएन।

२६. वादीको शुरु निवेदन काठमाडौं महानगरपालिकामा मिति २०६९।७।३ मा परेको देखिन्छ। वि.सं. २०६६ सालको दशैंको टीका असोजको १२ गते परेको भन्ने मिसिलबाट देंखिदा मिति २०६६।६।१२ पश्चात् माइतीमा गै बसेमा पनि शुरु निवेदन दिने मितिसम्म तीन वर्ष अवधि पुग्ने भन्ने वादी दावी भएतापनि प्रतिवादीले आफू मिति २०६६।१०।१७ गते काकाको आशौच बार्न माइतीमा गएकोमा फर्की आउँदा सासूले घर बस्न नदिएकाले माइत गै बसेको भनी जिकिर लिएको देखिन्छ। सो तथ्यलाई अन्यथा हो भनी वादीले तथ्ययुक्त प्रमाण साथ पुनरावेदनमा जिकिर लिएको देखिदैन। अपितु, प्रतिवादीका साक्षी प्रनिल कुमार उपाध्यायको वकपत्रबाट स्पष्टतः २०६६ माघमा जुठो चोखिएर घर जाँदा स्वीकार नगरेकोले प्रतिवादी माइतीमा बसेको बेहोरा लेखाइदिएको देखिन्छ। यस अतिरिक्त स्वयम् वादीका साक्षी जनक प्रसाद न्यौपानेले समेत आफ्नो वकपत्रमा २०६७ सालको दशैं भन्दा दुई चार महिना अघिसम्म प्रतिवादी वादीको घरमा आउने जाने गरेको र सो दशैं पश्चात् आउने जाने बन्द भएको भनी वादीले बताएको भनी वकपत्रमा बेहोरा लेखाएको देखिंदा २०६६ सालको दशैं वा सो अघिबाटै प्रतिवादी वादीको घर नआई माइतीमा बसेको भन्ने वादी दावी खण्डित हुन आयो। यसबाट यी प्रतिवादी वि.सं. २०६६ माघ सम्म वादीको घरमा आउने जाने गरेको पुष्टि भएकोले प्रस्तुत मुद्दाको शुरु निवेदन दिंदाको मिति अर्थात २०६९ कात्तिक ३ सम्म प्रतिवादीले वादीलाई छाडी बसेको भनेको अवधि कानूनले तोकेको न्यूनतम तीन वर्ष पूरा भएको देखिएन।

२७. **यस अतिरिक्त, प्रतिवादी माइतीमा बसेको तीन वर्ष अवधि पुगेको भनी मानेको अवस्थामा पनि समयको गणना गरी अवधि पुग्नुमात्र पनि सम्बन्ध विच्छेदको आधार हुन सक्ने देखिएन। सम्बन्ध विच्छेद हुनको लागि स्वास्नीले लोग्नेको मञ्जुरीबिना "स्वेच्छाले" घर छाडेको हुनु अनिवार्य हुन्छ। हाम्रो सामाजिक तथा सांस्कृतिक परिवेशमा सामान्यतः विवाह पश्चात् श्रीमतीले माइतीघर छाडी लोग्नेको घरमा बस्नुपर्ने अवस्था देखिन्छ। यो यथार्थलाई पत्नीको बासस्थान समेत पतिको घरमा कायम भएको मानिने भन्ने प्रचलित मुलुकी देवानी संहिता, २०७४ को दफा ८७ ले समेत स्वीकार गरेको छ। यस स्थितिमा लोग्ने वा लोग्नेका**

परिवारका सदस्यले स्वास्नीलाई आफ्नो घरमा बस्न नदिएमा वा घरपरिवारको वेमेल, कलह वा अन्य कुनै कारण स्वास्नी घर बस्न नै नसक्ने वातावरण बनेमा बाध्य भै माइती घर वा घर बाहिर अन्यत्र कतै बस्नुपर्ने अवस्था सृजना हुन सक्छ। विवाह र परिवार सम्बन्धी यस प्रकारको सामाजिक पक्षलाई अनदेखा गरी केवल तीन वर्ष भन्दा बढी अवधि लोग्नेसँग अलग बसेको अवस्थालाई मात्र सम्बन्ध विच्छेद हुने आधारका रुपमा यान्त्रिक तवरले ग्रहण गरियो भने उल्लिखित कानूनी व्यवस्थाको न्यायोचित अर्थ गरेको मानिंदैन। यद्यपि स्वास्नीले लोग्नेलाई छाडी अन्यत्र बसेको जुनसुकै अवस्थालाई लोग्ने वा लोग्नेको परिवारका सदस्यले निजलाई घर बस्न नसक्ने परिस्थिति सृजना गरिदिएकै कारण निजले घर छाडी गएको भनी निष्कर्षमा पुग्नु पनि तथ्य सम्मत हुँदैन। त्यसकारण सम्बन्ध विच्छेदको प्रयोजनका लागि कानूनमा प्रयुक्त "स्वास्नीले लोग्नेलाई छोडी अलग बस्ने गरेमा...." भन्ने वाक्यांशको अर्थ गर्दा स्वास्नीले स्वेच्छाले घर छाडेको हो वा के-कुन अवस्था वा परिस्थितिका कारण घर छाडि बाहिर बस्नुपरेको रहेछ भनी विवादका पक्षको पारिवारिक परिस्थितिको सुक्ष्म अवलोकन गरी अदालतले विचार गर्नुपर्ने र यदि स्वास्नीले लोग्नेको घर बस्न नसक्ने अवस्था भै बाध्यतावस घर छाडेको स्थिति हो भने स्वास्नीले स्वेच्छाले घर छाडेको भनी मान्न मिल्ने हुँदैन।

२८. वस्तुतः उल्लिखित कानूनमा प्रयुक्त "स्वास्नीले लोग्नेलाई....छोडी अलग बसेमा...." भन्ने वाक्यांशको अर्थ स्वास्नीले लोग्नेलाई छोड्ने वा परित्याग गर्ने इरादाले अलग बसेको हुनुपर्ने भनी गर्नुपर्ने हुन आउँछ। यद्यपि के-कुन परिस्थितिमा श्रीमतीले लोग्नेलाई छाडी अलग बस्नुपरेको हो भन्ने प्रश्न मुद्दाको तथ्य पिच्छे फरक हुन सक्ने अवस्था रहन्छ तथापि जुन स्वास्नी मानिसले, लोग्नेले सम्बन्ध विच्छेद गरिपाउँ भनी मुद्दा दायर गर्दा समेत आफू लोग्नेसँगै बस्ने भनी तहतह मुद्दामा जिकिर लिएको अवस्था छ त्यस्तो स्वास्नी मानिसले बिहेपश्चात् घरमा नबसी माइतीमा बस्दा लोग्नेलाई छोड्ने इरादाले स्वेच्छाले बसेको हो भनी अनुमान गर्नु न्यायोचित र तर्कसङ्गत हुने देखिएन । सम्बन्ध विच्छेद सम्बन्धी उल्लिखित कानूनी व्यवस्थाको व्याख्या गर्दा विद्यमान आर्थिक, सांस्कृतिक, सामाजिक परिवेश, सामाजिक तथा पारिवारिक संरचना तथा परिवारभित्रको शक्ति सन्तुलन लगायतका पक्षलाई अनदेखा गर्न मिल्दैन। यदि उल्लेखित पक्षलाई अनदेखा गर्ने हो भने लोग्नेले सम्बन्ध विच्छेद गर्न चाहेमा जुनसुकै वखत स्वास्नीलाई घर बस्न नसक्ने परिस्थिति सृजना गरी स्वास्नी घर छोडी बाहिर बस्नु पर्ने परिस्थिति उत्पन्न हुनसक्ने र सो अवस्थामा समेत

स्वास्नीले तीन वर्ष भन्दा बढी अवधि लोग्नेलाई छाडी बाहिर बसेको भनी लोग्नेले स्वास्नीसँग सम्बन्ध विच्छेद गर्न पाउने अवस्था उत्पन्न हुन जान्छ। आफूले गरेको गल्तीको लाभ गल्ती गर्नेले लिन नपाउने देवानी कानूनको मान्य सिद्धान्त हो। यो सिद्धान्तलाई प्रचलित मुलुकी देवानी संहिता, २०७४ को दफा १० ले अत्मसात गरेको समेत देखिन्छ। सो विपरित लोग्नेको घरमा श्रीमती बस्न नसक्ने अवस्था उत्पन्न भै श्रीमती घर छाडी अलग बसेको परिस्थितिमा समेत लोग्नेले श्रीमतीसँग सम्बन्ध विच्छेद गर्न पाउने भनी व्याख्या गर्नु न्यायपूर्ण हुने देखिएन।

२९. प्रस्तुत मुद्दामा प्रत्यर्थी प्रतिवादीले आफू लोग्नेसँग वा लोग्नेको घरमा बस्न पटक-पटक प्रयास गर्दा पनि बस्न नदिएको भनी जिकिर लिएको अवस्था एकातिर देखिन्छ भने यदि प्रत्यर्थी प्रतिवादी घर छोडी गएकी हुन् भने यी पुनरावेदक वादीले निजलाई घर ल्याउन पहल गरेको भन्ने कुनै जिकिर लिएको अवस्था समेत नहुँदा प्रत्यर्थी प्रतिवादीले लोग्ने अर्थात पुनरावेदक वादीलाई स्वेच्छाले छोडि अलग बसेको रहेछ भनी निष्कर्षमा पुग्न सकिने देखिन आएन।

३०. जहाँसम्म २०६७ सालको दशैंको दिन प्रत्यर्थी वादीले बहिनी र दाजुहरुसमेत बोलाई मेरो घर तोडफोड गरी मेरो बुवा, बहिनी र मलाई कुटपिट गरी शारीरिक चोट पीडा दिएकाले सो आधारमा समेत सम्बन्ध विच्छेद हुनुपर्ने भन्ने वादी पक्षको पुनरावेदन जिकिर तथा निजका तर्फबाट उपस्थित विद्वान कानून व्यवसायीहरुको बहस जिकिर छ सो तर्फ हेर्दा, फिरादपत्रमा उल्लिखित उक्त घटना घटित भएको तथ्यमा सम्म विवाद छैन। उक्त घटनामा यी वादीको हातको औंला र आँखामा समेत चोट लागेको मिसिल संलग्न Medicare National Hospital and Research Centre Pvt. Ltd. को मिति २०६७।०७।०१ को उपचार पूर्जा र वादीले पेश गरेको फोटो समेतबाट देखिन आउँछ। तर प्रतिवादीले प्रतिउत्तर पत्रमा आफू दशैंमा घरजाँदा बहिनी लाई समेत साथै लगी गएकोमा वादीकी बहिनी र आमा समेतले निजको बहिनीलाई कुटपिट गरेकोमा सो कुरा थाहा पाई मेरो बुवा र दाजुहरु आई बहिनीलाई छुट्याउन लाग्दा आफ्नो बुवा र बहिनी तथा पति र ससुरालाई समेत सामान्य चोट लागेको हो भनी जिकिर लिएको देखिन्छ।

३१. अब उक्त घाउ चोट मुलुकी ऐन, लोग्ने स्वास्नीको महलको १(१) नं. बमोजिम सम्बन्ध विच्छेद गर्ने प्रयोजनका लागि पर्याप्त आधार हुन सक्ने हो वा होइन भन्ने सम्बन्धमा हेर्दा ऐ. १(१) नं. मा "....लोग्नेको ज्यान जाने, अङ्गभङ्ग हुने वा अरु कुनै ठूलो शारीरिक वा

मानसिक कष्ट हुने काम वा जाल प्रपञ्ज गरेमा वा त्यस्ती स्वास्नीसित लोग्नेले सम्बन्ध विच्छेद गर्न पाउँछ" भन्ने कानूनी व्यवस्था देखियो।

३२. **यस आधारमा सम्बन्ध विच्छेद हुनका लागि स्वास्नीले ".....लोग्नेको ज्यान जाने, अङ्गभङ्ग हुने वा अरु कुनै ठूलो शारीरिक कष्ट हुने काम वा जाल प्रपञ्च गरेको" वस्तुगत रुपमा पुष्टि हुनुपर्ने देखियो। उक्त कानूनले इङ्गित गरेको घाउचोटको गम्भीरतालाई हेर्दा "ज्यान जाने" "अङ्गभङ्ग हुने", वा "ठूलो शारीरिक कष्ट हुने" प्रकृतिको देखिनुपर्छ। कानूनमा प्रयुक्त "ठूलो शारीरिक कष्ट हुने" कामलाई "ज्यान जाने" वा "अङ्गभङ्ग हुने" सम्मको गम्भीर वा घातक चोट प्रहारका रुपमा बुझ्नुपर्ने देखिन्छ। शरीरमा लागेको जुनसुकै घाउ चोटले शारीरिक कष्ट पीडा हुनु स्वाभाविक हो तर कानूनले जुनसुकै घाउचोट वा शारीरिक कष्ट पीडालाई सम्बन्ध विच्छेद हुन सक्ने आधारका रुपमा राखेको देखिएन। सम्बन्ध विच्छेद हुनका लागि ज्यान जाने, अङ्गभङ्ग हुने वा ठूलो शारीरिक कष्ट हुने काम नै भएको हुनुपर्ने हुन्छ।**

३३. प्रस्तुत मुद्दामा मिसिल संलग्न वादीको स्वास्थ्य जाँच पुर्जाबाट निजको औंला र अनुहारमा चोट (Periorbital swelling, Swelling over occipital region) लागेको देखिएतापनि सोही चोटका कारण निजको ज्यान जानसक्ने सम्मको घातक (Fatal) भन्ने देखिदैन। औंलामा लागेको चोट जतिसुकै गम्भीर भएतापनि तत्काल प्रचलनमा रहेको मुलुकी ऐन, कुटपिटको महलको २ नं. तथा हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा १९२ वमोजिम अङ्गभङ्ग कुटपिटको परिभाषाभित्र पर्ने पनि देखिदैन। शरीरमा अन्य गम्भीर प्रकृतिका घाउ चोट निलडाम आदि रहेको प्रमाणबाट देखिदैन। वस्तुतः लोग्ने स्वास्नीबीचको झगडालाई सामान्य रुपमा लिइने भएकोले नै कानूनमा पनि सामान्य घाउचोट पीडाको अवस्थालाई बाहेक गरी ठूलो शारीरिक कष्ट पीडालाई मात्र सम्बन्ध विच्छेदको आधार बनाइएको बोधगम्य नै छ। यस आधारमा वादीको घाउ चोटलाई निजको ज्यान जाने वा अङ्गभङ्ग हुने सम्मको ठूलो शारीरिक कष्ट भनी मान्न मिल्ने देखिएन। यस अतिरिक्त फिराद लेखमा यी वादी उपर प्रत्यर्थी प्रतिवादीले नै हात छोडेको वा चोट प्रहार गरेको भनी एकिन दावी लिएको अवस्था समेत छैन। समग्रमा उक्त वारदात हेर्दा यी प्रतिवादीले वादीलाई कुटपिट गरेको भन्दा पनि वादी र प्रतिवादीको परिवारबीच वादविवाद भै हात हालाहाल सम्मको स्थिति उत्पन्न हुँदा पुनरावेदक वादीलाई सामान्य चोटपटक लाग्न गएको भन्ने सम्म देखिन आयो।

३४. यस बाहेक, विगत तीन चार वर्षदेखि पत्नीबाट ठूलो शारीरिक मानसिक कष्ट पीडा र हिंसा भै आएको भन्ने वादीको जिकिरतर्फ हेर्दा, फिराद लेखबाटै प्रतिवादी माइती घरमा बसी आएको भन्ने देखिंदा पतिबाट अलग माइतीघरमा वसी आएकी यी प्रतिवादीले वादीलाई शारीरिक कष्ट पीडा दिएको भन्ने तथ्य व्यवाहारिक रुपमा स्थापित हुँदैन। लोग्ने स्वास्नी बीचको असमझदारी वा वेमेलले लोग्ने स्वास्नी दुवैलाई वा निजहरुका परिवारलाई समेत मानसिक तनाव उत्पन्न गराउन सक्ने तथ्यलाई इन्कार गर्न सकिदैन। तर सम्बन्ध विच्छेद सम्बन्धी कानूनको प्रयोजनका लागि त्यस्तो असमझदारी, बेमेल वा सामान्य झै-झगडालाई नै मानसिक कष्टका रुपमा बुझ्न मिल्ने देखिएन। सोका लागि लोग्ने स्वास्नीले एक अर्कालाई दुःख हैरानी दिने नियतले बारम्बार कष्ट, पीडा वा यातना दिएको देखिनु पर्दछ। शारीरिक वा मानसिक कष्ट, पीडा पुष्टि हुनका लागि प्रथमतः प्रतिवादीले नियतवश त्यस्तो कार्य गरेको हुनुपर्ने र दोश्रो पीडक पक्षले त्यस्तो कृत्य बारम्बार दोहोर्‍याएको हुनुपर्ने आवश्यक हुन्छ। सामान्यतः अकस्मात कुनै कारणले एक दुई पटक रिस, आवेग वा उत्तेजनामा आई भएका सामान्य वादविवाद, झैझगडा वा कुटपिटका घटनालाई कानूनमा प्रयुक्त ठूलो शारीरिक वा मानसिक कष्टका रुपमा बुझ्न मिल्दैन। चोट प्रहार भएको अवस्थामा समेत रिस उत्तेजनामा आई चोट प्रहार गरेको हो वा दुःख, कष्ट, हैरानी वा यातना दिने नियतले प्रहार गरेको हो भनी हेर्नुपर्ने हुन्छ। प्रस्तुत मुद्दामा प्रतिवादीले वादीलाई उल्लेखित वेहोराले शारीरिक मानसिक कष्ट, पीडा दिएको भनी पुनरावेदक वादीले पुष्टि गर्न सकेको अवस्था देखिएन।

३५. साथै, लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद हुने आधारका रुपमा कानूनमा वर्णित पूर्वावस्था अर्थात ठूलो शारीरिक वा मानसिक कष्ट, पीडा दिएको अवस्था हो वा होइन भनी एकिन गर्ने मानक निजहरु एकसाथ सँगै रहनै नसक्ने र त्यसरी रहे बसेमा एक अर्काको ज्यान नै जोखिममा पर्ने सम्मको अवस्था स्थापित हुनुपर्ने आवश्यक हुन्छ। केवल लोग्ने स्वास्नीबीच सुमधुर सम्बन्ध कायम नरहेको वा निजहरुबीच पुनः दाम्पत्य जीवन सुमधुर हुन नसक्ने स्थितिलाई मात्र प्रचलित कानूनले सम्बन्ध विच्छेद हुने आधारका रुपमा स्वीकार गरेको देखिन आएन। प्रस्तुत मुद्दामा लोग्नेले स्वास्नीसँग सम्वन्ध विच्छेद गर्न पाउने भनी प्रचलित कानूनमा उल्लेख भए बमोजिमको कुनै अवस्था स्थापित भएको देखिन नआएको हुँदा वादी दावी बमोजिम वादी प्रतिवादीबीचको लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद विच्छेद हुन नसक्ने ठहर गरेको तत्कालीन पुनरावेदन अदालत पाटनको फैसला मनासिव देखिँदा अन्यथा गर्नुपर्ने देखिएन।

३६. यस अदालतबाट मुद्दा दोहोर्याई हेर्ने अनुमति प्रदान गर्दा दुवै पक्षबीच आपसी सौहार्दपूर्ण व्यवहार भएको नदेखिएको भनी ने.का.प २०६७, अङ्क १०, नि.नं. ८४८७, पृष्ठ १७५८ मा प्रतिपादित नजीर सिद्धान्तको समेत आधार लिएको देखिन्छ तर कानूनमा दुई पक्षबीच सौहाद्रपूर्ण सम्बन्ध नभएकै आधारमा मात्र सम्बन्ध विच्छेद गर्न पाउने व्यवस्था भएको नदेखिएको र मुद्दा दोहोऱ्याई हेर्ने अनुमतिको आदेशमा उल्लिखित सिद्धान्त प्रतिपादन भएको मुद्दामा विगत २२ वर्षदेखि वादी प्रतिवादीबीच निरन्तर झैझगडा, मुद्दा मामिला र विवाद कायम भै शान्तिपूर्ण जीवन व्यतित गर्ने सम्भावना नै नभएको भन्ने समेत आधारमा सम्बन्ध कायम राख्नुको औचित्य नरहेको भनी सम्बन्ध विच्छेद ठहर गरेको देखिएकोमा प्रस्तुत मुद्दामा फरक तथ्य भै उक्त मुद्दाको सन्दर्भमा गरिएको व्याख्या प्रस्तुत मुद्दाको हकमा आकर्षित हुने नदेखिएकाले दोहोऱ्याई हेर्ने अनुमति प्रदान गर्न लिएका आधारसँग यो इजलास सहमत हुन सकेन।

३७. तसर्थ, माथि विवेचित आधार, कारण र कानूनी व्यवस्था समेतबाट प्रतिवादीसँग सम्बन्ध विच्छेद गरी पाउँ भन्ने वादी दावी पुग्न नसक्ने ठहऱ्याएको शुरु काठमाडौं जिल्ला अदालतको मिति २०७२।०३।२३ को फैसला सदर गरेको तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०७२।११।२० को फैसला कानूनसम्मत भै मिलेको देखिंदा सदर हुने ठहर्छ। प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन।

३८. प्रस्तुत फैसलाको विद्युतीय प्रति विद्युतीय मुद्दा व्यवस्थापन प्रणालीमा प्रविष्ट गर्नू। सरोकारवालाले फैसलाको नक्कल मागेमा रीतपूर्वकको प्रतिलिपि दिनू। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनुहोला। –

डा. नहकुल सुवेदी
न्यायाधीश

उक्त रायमा म सहमत छुः-

टेकप्रसाद ढुङ्गाना
न्यायाधीश

इजलास अधिकृतः- केशव पराजुली

कम्प्युटर अपरेटरः- कृष्ण गिरी

**इति संवत् २०८० साल पुस २३ गते रोज २ शुभम् .........................................।**